# भूकम्प प्रभावित जिल्लाहरूमा कानूनी सहयोग डेस्क

## कानुनी सहयोग डेस्क के हो ?

२०७२ सालमा गएको शक्तिशाली भूकम्प र यसका पराकम्पनहरूले अत्यन्त धेरै मानवीय र भौतिक क्षतिहरू पुऱ्याएका छन् । विश्व सम्पदा सूचिमा सूचिकृत सम्पदाहरूका साथै अन्य सार्वाजनिक सम्पत्तिहरु र ठूलो संख्यामा व्यक्तिगत सम्पत्ति तथा मानव जिवननै समाप्त पारिदिएको छ । अर्कोतिर, भूकम्पमा परी घाईते भएकाहरूको संख्या पनि अत्यन्त धेरै छ । सरकारले राहत/पूनर्स्थापना/पूनर्निर्माणको कार्यक्रमहरु घोषणा गरेको एवम् गर्न गइरहेको छ । सरकारबाट घोषणा गरिएका यस्ता कार्यक्रमहरूको सुविधा प्राप्त गर्न तोकिएको निश्चित प्रकृया पूरा गर्नुपर्ने हुन्छ ।

सरकारी तथा अन्य निकायहरूबाट भूकम्प प्रभावितहरूलाई लक्षित गरि घोषणा गरिएको राहत कार्यक्रम/सहयोगमा वास्तविक प्रभावितहरूको सहज पहुँचको लागि पूरा गर्नुपर्ने औपचारिक प्रकृयाको जानकारी, क्षतिपूर्ति तथा राहत प्राप्तिका लागि दिनुपर्ने विवरणको जानकारी लगायत अन्य आवश्यक औपचारिक/कानूनी प्रकृया पूरा गर्न सहयोग र सहजीकरण गर्ने उद्देश्यले कानुनी सहयोग डेस्क स्थापित गरिएको हो ।

## कहाँ अवस्थित छ?

भूकम्पबाट बढी प्रभावित १४ जिल्लाहरु गोरखा, दोलखा, सिन्धुपाल्चोक, मकवानपुर, काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ, रसुवा, सिन्धुली, रामेछाप, ओखलढुङ्गामा स्थापित छ । जिल्ला कानुनी सहयोग डेस्कको कार्यालय प्रत्येक जिल्लाको जिल्ला सदरमुकाममा अवस्थित छ । साथै, डेस्कले जिल्लाका भूकम्प प्रभावित स्थानहरूमा घुम्ती कानुनी सहयोग पनि उपलब्ध गराउने छ ।



## जिल्ला कानुनी सहयोग डेस्कको सम्पर्क कानुन व्यवसायीहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १. | रोहिणी जोशी | - सिन्धुपाल्चोक | ८. | तारा पोखरेल | - भक्तपुर |
| २. | गोपाल लम्साल | - धादिङ | ९. | टेक बहादुर राई | - ओखलढुङ्गा |
| ३. | कृष्ण बहादुर बस्नेत | - दोलखा | १०. | विमला खड्का | - काठमाडौं |
| ४. | थानेश्वर दवाडी | - गोरखा | ११. | प्रगति शर्मा | - ललितपुर |
| ५. | देवराज कँडेल | - नुवाकोट | १२. | रोशन श्रेष्ठ | - सिन्धुली |
| ६. | देवराज कँडेल | - रसुवा | १३. | बाबुकाजी दाहाल | - रामेछाप |
| ७. | ललिता श्रेष्ठ | - मकवानपुर | १४. | मिना कुँवर बुढाथोकी | - काभ्रेपलाञ्चोक |

## के गर्छ ?

- सरकार वा अन्य निकायहरूले घोषणा गरेका वा गर्ने राहत, पुर्नस्थापना र पुनर्निर्माणसम्बन्धी कार्यक्रमहरूको जानकारी गराउने,
- वितरण गरिने प्याकेज प्राप्तिको लागि चाहिने आवश्यक प्रक्रियाको सम्बन्धमा सूचना दिने,
- प्रभावितहरुको कानूनी प्रमाण नष्ट भएको वा फेला नपरेका कारणले यस्ता प्रभावितहरु थप पिडामा पर्न नपरोस भन्ने तर्फ सचेत गराउने,
- भूकम्प प्रभावितहरुको लागि वितरण गरिने राहत, पुनर्स्थापना र पूनर्निर्माण संयन्त्रसम्म प्रभावितहरुको पहुँचको लागि सहजीकरण,
- भूकम्प प्रभावितहरू राज्यबाट प्रदान गर्ने सहयोग/क्षतिपूर्ति प्राप्त गर्नबाट वञ्चित भई थप पीडित हुन नपरोस् भन्ने सुनिश्चितताका लागि सहयोग गर्ने,
- भूकम्प प्रभावितहरुको नष्ट भएका, हराएका महत्वपूर्ण कानूनी कागजपत्रहरु जस्तैः नागरिकता, जग्गाधनी प्रमाणपूर्जा, मतदाता परिचयपत्र इत्यादिको प्रतिलिपि लिन आवश्यक सूचना दिने साथै आवश्यक अन्य कानूनी सहयोग गर्ने,
- भूकम्प प्रभावित व्यक्तिहरुको भएको क्षति वापत राज्यले दिने राहत, क्षतिपूर्ति प्राप्त गर्न चाहिने आवश्यक कानूनी प्रमाण/कागजात बनाउन आवश्यक कानूनी सहयोग प्रदान गर्ने,
- राज्यले तोकेको सबै कानूनी प्रकृया पूरा गरेका तर राज्यबाट घोषणा गरिएका सुविधा /कार्यक्रम प्राप्त गर्नबाट बञ्चित गरिएका, प्राप्त गर्न नसकेका प्रभावितहरुको तर्फबाट न्यायिक उपचारका लागि कानूनी सहयोग गर्ने,
- भूकम्प प्रभावित क्षेत्रहरूमा भएको लैङ्गिक हिंसाका घटनामा जाहेरी दरखास्त दर्ता लगायत कानुनी सहयोग गर्ने,
- नागरिकता प्रमाणपत्र नबनाएका/नभएका भूकम्प प्रभावितहरूको सूचना संकलन गर्ने,
- भूकम्प अगावै नागरिकता प्रमाणपत्र प्राप्त नगरेका व्यक्तिहरूको लागि भूकम्प प्रभावित परिचयपत्रका साथै नागरिकता बनाउन कानुनी सहयोग गर्ने,
- जिल्ला सदरमुकामसम्म आई राज्यबाट वितरित राहत/क्षतिपूर्ति प्राप्त गर्न असमर्थ भूकम्प प्रभावितहरूको हकमा सेवा प्रदायक/राज्य संयन्त्रसँग आवश्यक समन्वय गरी भूकम्प प्रभावितहरूले लाभ प्राप्त गर्ने कुराको सुनिश्चितता गर्ने ।

**भूकम्प प्रभावित व्यक्तिहरूको लागि कानुनी सहयोग डेस्क**
**महिला, कानुन र विकास मञ्च (FWLD)**